# व्यावसयिक बाखापालन कार्यक्रम संचालन कार्यबिधि

## २०७४

गैडहवा  गा.पा. लाई मासुमा आत्मनिर्भर गरि बाखामा नस्ल सुधार गर्न उन्नत जातका बयर, बिटल, बारबेरी जातका बोका बितरण गरि बाखापालन व्यावसायीसँग साझेदारीको माध्यमबाट गा.पा.ले अभियानको रुपमा संचालन गर्न आवश्यक भएकोले गैडहवा गा.पा.को आ.व. २०७४।७५ को बजेट मार्फत भएको बाखा बिकास कार्यक्रम संचालन गर्न देहायका निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद - १

### १. प्रारम्भिकः

क. संक्षिप्त नाम व्यावसायीक बाखापालन अभियान कार्यक्रम संचालन निर्देशिका २०७४ रहेको छ ।

ख. यो निर्देशिका गैडहवा गा.पा.फागुन १ गतेवाट लागुहुने छ  ।

### २. परिभाषाः

क. निर्देशिका भन्नाले व्यावसायिक बाखापालन  अभियान कार्यक्रम संचालन निर्देशिका २०७४ सम्झिनु पर्नेछ ।

ख. कार्यक्रम भन्नाले व्यावसायिक बाख्रापालन  अभियान कार्यक्रम सम्भिmनु पर्नेछ ।

ग. सेवा भन्नाले बाख्राको नस्ल सुधार सम्भिmनु पर्नेछ ।

**३. उद्देश्यः**

यो कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहनेछ ।

क. बाख्रापालन व्यावसायलाई आत्मनिर्भर बनाई उन्नत जातका बोकाबाट प्रजनन गराई बणशंकर पाठापाठी उत्पादन गरि मासुको उत्पातगत्व वृधि गर्ने ।

ख.  बाख्रापालन बिस्तार गरि युवायुवतीलाई रोजगारी सृजना गर्ने ।

ग. मासु उत्पादनमा आत्मनिर्भर हुने ।

घ. गा.पा.भित्र रहेका दर्तावाला वाख्राफर्म लाइ श्रोतकेन्द्रको रुपमा स्थापना गर्ने ।

## परिच्छेद - २

## कार्यक्रम सम्बन्धि

**४. कार्यक्रमको अवधिः**

यो कार्यक्रमको अवधि २०७४।७५ देखि २०७५।७६ सम्म हुनेछ र यसको प्रभावकारीताको आधारमा समय थप गर्न सकिनेछ ।

५. **क. कार्यक्रम लागु हुने:** पहिलो चरणमा गा.पा.वाट वडामा ५०% उन्नत जातका बोका (बयर, बिटल, बारबेरी) बितरण गरि लागू गरिनेछ।

ख. सबै वडामा १-१ वटा बाख्रापालन समूह गठन गरि कार्यक्रम अघि बढाइनेछ।

ग. सबै समूहबाट १ जना छनौट गरि गा.पा. स्तरीय मूल समिति गठन गरिनेछ।

**६. छनौटको आधार:** व्यावसायिक रुपमा बाख्रापालन गर्दै आएका किसान तथा व्यावसायमा लाग्न ईच्छुक युवायुवतीलाई छनौटको आधार बनाईनेछ।

**७. गा.पा. स्तरीय संचालक समिति**

क. संरक्षक.................................गा.पा. अध्यक्ष

ख. अध्यक्ष.................................आर्थिक बिकास समिति संयोजक

ग. सदस्य.................................प्रमुख प्रशासकिय अधिकृत

घ. सदस्य.................................वडा अध्यक्ष मध्येबाट ३ जना

ङ. सदस्य.................................बाख्रापालन समितिबाट २ जना

च. सदस्य.................................सचिव पशुसेवा शाखा प्रमुख

**८. समितिको काम कर्तव्यः**

क. कार्यक्रम संचालनको लागि आवश्यक स्रोतको व्यावस्थापन गर्ने

ख. कार्यक्रम सफल पार्न बिभिन्न निकाय बिच समन्वय गरि कार्यक्रम प्रवाहमा सहजता प्रदान गर्ने

ग. कार्यक्रमको चौमासिक रुपमा अनुगमन गर्ने

घ. कार्यक्रमका  मासिक समिक्षा गर्ने

ङ .कार्यक्रमको लागि आवश्यक निर्देशन दिने

च. खर्चविवरण मासिकरुपमा सार्वजनिक गर्ने ।

**परिच्छेद - ३**

**९. सेवा संचालन सम्बन्धिः**

क. यस कार्यक्रम बमोजिमको सेवा संचालन गर्न देहाय बमोजिमको प्रक्रिया हुनेछ ।

ख. वडा कार्यालयबाट उन्नत जातको बोका पालन गर्ने कृषक छनौट गरि गा.पा.मा पठाउनु पर्नेछ ।

ग. छनौट भएका किसानले गा.पा. सँग सम्झौता गर्नुपर्नेछ ।

घ. गा.पा.बाट तोकिएको प्रजनन शुल्क लिई सेवा दिनुपर्नेछ।

ङ. १ वर्ष पूरा भएमा प्राप्त गरेको बोका साटासाट गर्नुपर्नेछ।

च. प्रजननको रेकर्ड र पाठापाठी उत्पादनको रेकर्ड मासिक रुपमा वडा कार्यालयमा पठाउनु पर्नेछ।

छ. वडा कार्यालयले प्राप्त प्रगति विवरण गा.पा.लाई पठाउनु पर्नेछ।

ज. प्रजनन योग्य उन्नत जातका बोका खरिद ऐन अनुसार गर्नुपर्नेछ।

झ. खरिद गरिएको बोकाको स्वास्थ्य परिक्षण बिषेशज्ञबाट गर्नुपर्नेछ।

**१०. निर्देशिकाको व्याख्या:**

कार्यक्रम संचालनको सिलसिलामा यस निर्देशिकाको कुनै प्रवधानले बाधा अड्चन आएमा वा निर्देशिकाले स्पस्ट रुपमा व्याख्या नगरेमा यसको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहीत रहनेछ।

**११. अनुसुचिमा संशोधन:**

निर्देशिकाको अनुसुचिको हेरफेर तथा संशोधन गाउँ कार्यपालिकाले गर्नेछ।

-समाप्त-